**आकाशवाणी समाचार- नेपाली**
**मितिः १६ अप्रेल २०२५**
**समयः ०७.२५ – ०७ः ३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

- इलेक्ट्रॉनिक्स अनि सूचना प्रौद्योगिकी मंत्री अश्विनी वैष्णवले गत 10 वर्षमा मेक इन इंडिया पहलद्वारा इलेक्ट्रॉनिक विनिर्माण मा पांच गुना वृद्धि भएको बताउनुभएको छ।
- छत्तीसगढ़ मा सुकमा जिल्लाको बड़ेसट्टी गांव बस्तर मंडलको पहिलो नक्सल मुक्त ग्राम पंचायत बनेको छ।
- यस वर्षको संयुक्त प्रवेश परीक्षा-जेईई मुख्य दोस्रो सत्रको परिणाम आज घोषणा गरिनेछ।
- आईपीएल क्रिकेटमा हिज बैंगलुरू मा वर्षाद्वारा प्रभावित भएको मैच मा पंजाब किंग्सले रॉयल चैलंजर्स बैंगलूरुलाई पांच विकेटले पराजित गरेको छ।
- मौसम विभाग ले भोलिसम्म पश्चिमी हिमालय क्षेत्र र उत्तरपश्चिम भारतको वरिपरिका धेरै स्थानहरुमा गर्जन साथ, हल्कादेखि मध्यम वर्षा हुने अनुमान व्यक्त गरेको छ।

**<u>वैष्णव इलेक्ट्रॉनिक्स</u>**

इलेक्ट्रॉनिक्स अनि सूचना प्रविधि मंत्री अश्विनी वैष्णवले भन्नुभएको छ बितेको १० वर्षमा मेक इन इन्डिया माध्यमद्वारा इन्टरनेट उत्पादनमा पाँच गुणा वृद्धि भएको छ। हरियाणा गुरुग्रामका मानेसरमा टेलिफोन संवादमा उहाँले बितेको समय यस अवधिमा इलेक्ट्रॉनिक्स एक्सपोर्टमा पनि छ गुना बढ़ोत्तरी भएको र यो तीन लाख २५ हजार करोड रुपैयाँ अधिक भएको बताउनुभयो । श्री वैष्णवले बताए इलेक्ट्रॉनिक्स उत्पादनबाट यस समय लगभग २५ लाख मानिसलाई उत्पादन भइरहेको छ। उहाँले भन्नुभयो, सरकारले हालैमा विद्युतीय घटक निर्माणको योजनालाई स्वीकृति दिएको छ जसले इलेक्ट्रॉनिक्स उत्पादनको व्यवस्थालाई बलियो बनाउनेछ र रोजगारको सृजना प्राप्त हुनेछ। श्री वैष्णव ने मानेसरमा वीवी डी एन टेक्नोलोजी की अत्याधुनिक सरफेस माउन्ट टेक्नोलॉजी एसएमटी लाइन र म्याकेनिकल इनोभेशन पार्क का पनि उद्घाटन गर्नुभयो।

****** ० ******

**<u>छत्तीसगढ - नक्सल मुक्त पञ्चायत</u>**

छत्तीसगढको सुकमा जिल्लाको ‘बडेसट्टी गाउँ’ बस्तर डिभिजनको पहिलो नक्सलमुक्त ग्राम पञ्चायत बनेको छ। यस गाउँमा सक्रिय एघार माओवादीहरूले हिजो सुकमाका प्रहरी अधीक्षकसमक्ष आत्मसमर्पण गरेका छन्। हाम्रो संवाददातासँगको विवरण .

****** ० ******

**<u>प्रधानमन्त्रीको भाषण पुस्तक विमोचन</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीका भाषणहरूको संकलन 'संस्कृतिको पाँचौं अध्याय' शीर्षकको पुस्तक हिज नयाँ दिल्लीमा विमोचन गरिएको छ। जुना अखाडाका प्रमुख आचार्य महामंडलेश्वर स्वामी अवधेशानन्द गिरीले पुस्तक विमोचन गर्नु भयो। कार्यक्रमको अध्यक्षता गर्दै राज्यसभाका उपसभापति हरिवंशले देशको संस्कृति, परम्परा, आध्यात्मिक मूल्यमान्यता र सांस्कृतिक सम्पदाको संरक्षणमा प्रधानमन्त्री मोदीको प्रयासको प्रशंसा गर्नु भयो। प्रधानमन्त्रीका भाषणका मुख्य अंशहरू सम्झँदै वहाले भन्नुभयो यो पुस्तक सांस्कृतिक संरक्षणप्रति श्री मोदीको प्रतिबद्धता र भारतको कालातीत परम्पराहरूको संरक्षण गर्ने वहाको दृष्टिकोणलाई प्रतिबिम्बित गर्ने संग्रह हो। यस अवसरमा स्वामी अवधेशानन्द गिरी महाराजले सन् २०१४ देखि देशको हरेक क्षेत्रमा नवीनता देखिएको र वातावरणमा परिवर्तन देखिएको बताउनु भयो। प्रधानमन्त्रीको सांस्कृतिक योगदानको कदर गर्दै वहाले अब मानिसहरूले सांस्कृतिक रूपमा गर्व र गहिरो रूपमा महसुस गर्ने बताउनु भयो।

****** ० ******

**<u>जेईई मुख्य परीक्षाको फल</u>**

यस वर्षको संयुक्त प्रवेश परीक्षा-जेईई मुख्य दोस्रो सत्रको फल आज घोषणा गरिनेछ। राष्ट्रिय परीक्षा एजेन्सी-एनटीएले एक विज्ञप्तिमा भनेको छ कि जेईईको परिणाम मेन वेबसाइट - jeemain.nta.nic.in मा उपलब्ध हुनेछ। साथै यसमा कटअफ अंकहरू पनि प्रदर्शित हुनेछन्। यो परीक्षा अप्रिल २ देखि ९ सम्म सञ्चालन गरिएको थियो। जेईई मुख्य परीक्षा २०२५ यस वर्ष जनवरी र अप्रिल गरी दुई चरणमा सञ्चालन हुँदैछ। यदि कुनै उम्मेदवारले दुवै सत्रमा परीक्षा दिएको छ भने, उसले उच्च अंक प्राप्त गरेको सत्रको आधारमा उसलाई योग्यता सूचीमा समावेश गरिनेछ। यस वर्षको परीक्षामा, पहिलो २.५ लाख उम्मेदवारहरूले प्राप्त गरेको अंकको आधारमा जेईई एडभान्स्ड परीक्षाको लागि योग्य हुनेछन्। यस परीक्षा मार्फत भारतीय प्रविधि संस्थानमा प्रवेश पाउँछ।

****** ० ******

## राजनाथ-रक्षा निर्यात

रक्षामन्त्री राजनाथ सिंहले २०३० सम्ममा भारतको रक्षा निर्यात ५० हजार करोड रुपैयाँ पुग्ने विश्वास व्यक्त गर्नुभएको छ। उहाँले हिजो महाराष्ट्रको छत्रपति संभाजीनगरमा चेम्बर अफ मराठवाडा इन्डस्ट्रिज एण्ड एग्रीकल्चर - सीएमआईएलाई सम्बोधन गर्नुहुनेछ। उहाँले मराठवाडा- आत्मनिर्भर भारतको रक्षा भूमि विषयक संवाद सत्रलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो।मोदी सरकारका उपलब्धिहरूको उल्लेख गर्नुहुँदै रक्षामन्त्रीले वर्तमान सरकारको कार्यकालमा रक्षा निर्यात चालीस गुणाले वृद्धिभएको बताउनुभयो। उहाँले भन्नुभयो भारतको रक्षा निर्यात सन् २०१४ मा लगभग ६०० करोड रुपैयाँ थियो, जुन बढेर २४ हजार करोड रुपैयाँ पुगेको छ।राजस्थानका गभर्नर हरिभाउ बागडे, महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीस र अन्य गणमान्य व्यक्तिहरू यस अवसरमा उपस्थित थिए।यस अवसरमा देवेन्द्र फडणवीसले भन्नुभयो दिल्ली-मुम्बई औद्योगिक करिडोर विस्तार गर्न थप ८ हजार एकड जमिन अधिग्रहण गरिनेछ, जुन हाल १० हजार एकडमा फैलिएको छ।संवाद सत्र पछि, रक्षामन्त्री राजनाथ सिंहले घोडामा सवार वीर शिरोमणि महाराणा प्रतापको प्रतिमा पनि अनावरण गर्नुभयो।

****** ० ******

## तेलंगाना-एआई डाटा सेन्टर

जापानमा आधारित विश्वव्यापी डिजिटल रूपान्तरण र आईटी सेवा कम्पनी, एनटीटी डाटा, क्लाउड प्लेटफर्म कम्पनी नेयसा नेटवर्क्स र तेलंगाना सरकारले १० हजार ५०० करोड रुपैयाँको लगानीमा हैदराबादमा आर्टिफिसियल इन्टेलिजेन्स डाटा सेन्टर क्लस्टर स्थापना गर्न सम्झौतामा हस्ताक्षर गरेका छन्। हिजो जापानमा भएको उच्चस्तरीय बैठकमा मुख्यमन्त्री ए. रेवन्त रेड्डीको उपस्थितिमा यो सम्झौता औपचारिक रूपमा सम्पन्न भयो। एक आधिकारिक विज्ञप्तिमा भनिएको छ कि हैदराबादमा हुने आगामी सुविधामा ४०० मेगावाट डाटा सेन्टर क्लस्टर हुनेछ, जुन २५,००० GPUs (ग्राफिक्स प्रशोधन एकाइहरू) सहितको देशको सबैभन्दा शक्तिशाली एआई सुपरकम्प्युटिङ पूर्वाधार होस्ट गर्न डिजाइन गरिएको हो। यो परियोजना तेलंगानाको भारतको एआई राजधानी बन्ने दृष्टिकोणसँग मिल्दोजुल्दो छ

****** ० ******

## आईपीएल

आईपीएल क्रिकेटमा हिज बैंगलुरू मा वर्षाद्वारा प्रभावित भएको मैच मा पंजाब किंग्सले रॉयल चैलंजर्स बैंगलूरुलाई पांच विकेटले पराजित गरेको छ। बैंगलूरुले पहिला ब्याटिंग गर्दै 14 ओवर मा 95 रन बनायो, जसको जवाबमा 96 रन को लक्ष्य पंजाबले 11 बल शेष रहँदा नै प्राप्त गरेर जित दर्ता गर्यो। प्रतियोगिता मा आज दिउँसो तीन बजेर ३० मिनटमा अहमदाबाद मा गुजरात टाइटंसको भिड़ान्त डेल्ही कैपिटल्ससित हुनेछ। आज हुने अर्को म्याच बेलुकी सात बजेर ३० मिनटमा जयपुर मा राजस्थान रॉयल्स अनि लखनऊ सुपर जायंटस बीच हुनेछ।

****** ० ******

## IMD-WEATHER

भारतीय मौसम विज्ञान विभाग ले भोलिसम्म पश्चिमी हिमालय क्षेत्र र उत्तरपश्चिम भारतको वरिपरिका धेरै जस्तो मैदानी स्थानहरुमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको पूर्वानुमान गरेको छ। आज जम्मू र कश्मीर, लद्दाख, गिलगिट-बाल्टिस्तान, मुजफ्फराबाद र हिमाचल प्रदेशमा भारी वर्षा हुने सम्भावना छ भने भोलि मध्यम वर्षा हुने सम्भावना छ। पञ्जाब, हरियाणा, उत्तर प्रदेशमा पनि यस्तै मौसमी अवस्था देखिने अपेक्षा गरिएको छ। विभागले आगामी चार दिनमा उत्तरपूर्वी र

पूर्वी भारतमा मेघगर्जन, चट्याङ र तिव्र गतिमा हावा चल्न साथै हल्का वर्षा हुने पूर्वानुमान गरेको छ। राजस्थानमा आज गम्भीर गर्मी लहरको अवस्था जारी रहने अपेक्षा गरिएको छ तर अप्रिल २० देखि यो कम हुने सम्भावना छ।

****** ० ******

****** ० ******